संघीय संसद
प्रतिनिधि सभा
छैठौं अधिवेशन
बैठक संख्या - ५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल वैशाख ३१ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम आ.व. २०७७/०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि जारी छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मनकुमारी जि.सी.
२. मा० श्री सितादेवी यादव
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री विमलप्रसाद श्रीवास्तव
५. मा० श्री रामकुमारी चौधरी
६. मा० श्री भैरवबहादुर सिंह
७. मा० श्री पुष्पा भुसाल (गौतम)
८. मा० श्री जुली कुमारी महतो
९. मा० श्री मोहन बानियां
१०. मा० श्री उमाशंकर अरगरिया
११. मा० श्री बहादुर सिंह लामा
१२. मा० श्री प्रेम बहादुर आले
१३. मा० श्री सञ्जय कुमार गौतम
१४. मा० श्री दिपकप्रकाश भट्ट
१५. मा० श्री लक्ष्मी परियार
१६. मा० श्री दामोदर भण्डारी
१७. मा० श्री प्रमिला राई
१८. मा० श्री नवराज सिलवाल
१९. मा० श्री मिना सुब्बा
२०. मा० श्री समिना हुसेन
२१. मा० श्री चाँदतारा कुमारी
२२. मा० श्री पदम गिरी
२३. मा० श्री हिरा गुरुङ्ग
२४. मा० श्री पुष्पा कुमारी कर्ण कायस्थ
२५. मा० श्री लालप्रसाद साँवा लिम्बु
२६. मा० श्री देवप्रसाद तिमलसेना
२७. मा० श्री मैना कुमारी भण्डारी
२८. मा० श्री प्रकाश रसाईली (स्नेही)
२९. मा० श्री कु. तुल्सी थापा

तत्पश्चात सम्माननीय सभामुखले आ.व. २०७७/०७८ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

यसैबीच सम्माननीय सभामुखले छलफल समाप्त भएको जानकारी गराउनु भएपछि सत्तापक्षका केही मा० सदस्यहरुले छलफलमा बोल्नको लागि आफ्नो नाम नाआएकोतर्फ ध्यानाकर्षण गराउनु भएपछि सम्माननीय सभामुखले संसदीय दलबाट प्राप्त नामावली बमोजिम छलफल भएको जानकारी गराउनुहुँदै मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

त्यसपछि मा० अर्थमन्त्री डा० युवराज खतिवडाले आ.व. २०७७/०७८ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७७/०७८ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथि सदनमा भएको छलफलमा उठेका बुँदाहरु समेटी सचिवालयले तयार गरेको प्रतिवेदन विनियोजन विधेयक तयार गर्ने प्रयोजनका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाइने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम सम्वत् २०७७ साल जेठ

२ गते शुक्रबारका दिन १६:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने र त्यसको लागि सदस्यको उपस्थिति आव्हान गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०७७/१/३०

(डा. हरि पौडेल)
सचिव

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम सम्वत् २०७७ साल जेठ २ गते शुक्रबार अपरान्ह ४:०० बजे नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको हुँदा प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको ३:४५ बजे भित्र अनिवार्य रुपमा आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुहुँदै उक्त दिन र समयमा मा० सदस्यहरुको लागि निर्धारण गरिएको पोशाकमा उपस्थित भईदिनुहुन समेत अनुरोध गर्नुभयो ।

तदनन्तर बैठक २०७७ साल जेठ २ गते शुक्रबार साँझ ६:०० बजे बस्नेगरी अपरान्ह ५:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव